लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
रुकुमकोट, रुकुम (पूर्व)

फोन: ०८८-४१३११३
Website:- csirukumeast.p5.gov.np
E-mail:- csidb.rukumeast@gmail.com

प.सं.-०८०/८१
च.नं.- १४६

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/२४*

## प्रशिक्षकका लागि सूचिकृत हुने सम्बन्धि सूचना ।

यस कार्यालयको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उल्लेखित विभिन्न विषयको व्यावसायिक तथा सीपमुलक तालिम संचालन गर्नुपर्ने भएकोले तपशिल बमोजिमका योग्यता पुगेका प्रशिक्षक तथा सहायक प्रशिक्षकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र नेपाली नागरिकता, शैक्षिक योग्यता र सम्बन्धित विषयमा तालिम वा अनुभव प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि सहित यस कार्यालयमा सुचीकृत हुनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

*तालिम दिनु पर्ने विषयहरुः*

| क्र.सं. | तालिमको विवरण | कैफियत |
|---|---|---|
| १. | अल्लो प्रशोधन तालिम १६० घण्टे (सीप प्रशिक्षण समेत) | |
| २. | राडी पाखी बुनाई तालिम ३९० घण्टे (सीप प्रशिक्षण समेत) | |
| ३. | गलैचा बुनाई सम्बन्धी सीपमुलक तालिम | |
| ४. | एड्भान्स सिलाई कटाई तालिम (महिला) | |
| ५. | अल्लोजन्य वस्तुको सामाग्री उत्पादन सम्बन्धी स्तरोउन्नती तालिम | |
| ६. | आरन सुधार तालिम | |
| ७. | चुरा बनाउने तालिम | |

**तपशिल (प्रशिक्षक/सहायक प्रशिक्षकको योग्यता)**

| क्र.सं. | पद | शैक्षिकयोग्यता, तालिम वा अनुभव | कै. |
|---|---|---|---|
| १. | प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा स्नातक तह उपाधि प्राप्त गरी प्रशिक्षक प्रशिक्षणको तालिम लिएको वा सम्बन्धित विषयमा प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको र कम्तीमा ३ वर्ष कार्य अनुभव भएको वा सम्बन्धित विषयमा सीप तह-२ उत्तीर्ण गरी ३ वर्षको कार्य अनुभव भएको । | |
| २. | सहायक प्रशिक्षक | मान्यताप्राप्त शिक्षण संस्था/विश्वविद्यालयबाट सम्बन्धित विषयमा प्रमाणपत्र तह/डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालिम लिएको वा प्राविधिक एस.एल.सी. वा सीप तह-१ उत्तीर्ण गरी १ वर्षको कार्य अनुभव भएको । | |

*नोटः- १. प्रशिक्षक तथा सहायक प्रशिक्षकको सेवा सुविधा लुम्बिनी प्रदेश सरकारको नियमानुसार हुनेछ।*

*द्रष्टव्यः*

- निवेदनको फारम यस कार्यालयको बेवसाईट www.csirukumeast.p5.gov.np मार्फत डाउनलोड गरी भर्न सकिनेछ।
- म्याद नाघी वा रितपूर्वक ढाँचामा पेश नभएका निवेदनहरु स्वत रद्द हुनेछ।
- थप जानकारीका लागि कार्यालय वा कार्यालयको फोन नं. ०८८-४१३११३ वा कार्यालय प्रमुखः- ९८५७८४२११३ मा सम्पर्क गर्नुहोला ।

मधुकर डाँगी
(उद्योग अधिकृत)

अनुसूची - ३
(दफा १४ को उपदफा (१०) सँग सम्बन्धित)

## प्रशिक्षक सूचीकृत फाराम

मितिः २०८०/     /

श्रीमान् उद्योग अधिकृत ज्यू,
घरेलु तथा साना उद्योग कार्यालय,
रुकुमकोट, रुकुम पूर्व ।

विषय : प्रशिक्षक सूचिकृत सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा त्यस कार्यालयबाट संचालन हुने ......................................................................तालिमको लागि प्रशिक्षक आवश्यक भएको व्यहोरा जानकारी आएकोले मैले उक्त विषयमा विगतका केही वर्षदेखि तालिम प्रशिक्षकको रुपमा काम गर्दै आएको र त्यस तालिमको लागि मेरो योग्यता पनि पुग्ने हुँदा उक्त तालिमका लागि प्रशिक्षकको सूचिकृत गरिपाउँ भनी तपसिल बमोजिम कागजात सहित यो निवेदन पेश गरेको छु ।

**तपसिल**

१. नागरिकता प्रमाण-पत्रको प्रतिलिपि ।
२. शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रतिलिपि ।
३. सम्बन्धित विषयको तालिम संचालन सम्बन्धी अनुभवको प्रमाण-पत्रको प्रतिलिपि ।
४. प्रशिक्षक प्रशिक्षण तालिम लिएको प्रमाण-पत्रको प्रतिलिपि ।

निवेदक
नाम :
ठेगाना :
हस्ताक्षर :
सम्पर्क नं. :